# संक्षिप्त परामर्श निर्देशिका: सहायता प्राप्त इच्छा मृत्यु सम्बन्धी संसदीय छानबिन

यो संक्षिप्त परामर्श निर्देशिकाले संवेदनशील विषयहरूमा छलफल गर्छ।

यदि तपाईंलाई सहयोगको आवश्यकता परेमा, तपाईंले लाइफलाइन (Lifeline) लाई १३ ११ १४ मा वा 13YARN लाई १३ ९२ ७६ मा सम्पर्क गर्न सक्नुहुन्छ।

सहायता प्राप्त इच्छा मृत्यु (VAD) बारेमा समुदायसँग परामर्श गर्न संसद्को कानून तथा संवैधानिक मामिला समितिलाई अनुरोध गरिएको छ। समितिले एउटा परामर्श पत्र प्रकाशित गरेको छ, जसमा उत्तरी क्षेत्र (नर्दन टेरिटोरी; NT) मा यस्तो कानून बनाउने सम्भावनाबारे छलफल गरिएको छ।

## भिएडी (VAD) के हो?

भिएडी (VAD) ले गम्भीर रोग लागेका व्यक्तिहरूलाई उनीहरूले तोकेको समयमा आफ्नो जीवन समाप्त गर्न चिकित्सा सहयोग माग्ने विकल्प दिन्छ। यो निश्चित योग्यता मापदण्ड पूरा गर्ने व्यक्तिहरूका लागि मात्र उपलब्ध हुन्छ, र यो निर्णय पूर्ण रूपमा स्वैच्छिक र जानकारीमा आधारित हुनैपर्छ। अस्ट्रेलियाका अन्य भागहरूमा जस्तो नभई, उत्तरी क्षेत्र (नर्दन टेरिटोरी; NT) मा भिएडी (VAD) वैध छैन।

## मुख्य प्रश्नहरू

हामी निम्न प्रश्नहरूमा तपाईंको विचार जान्न चाहन्छौं।

१. के तपाईं उत्तरी क्षेत्र (नर्दन टेरिटोरी; NT) मा भिएडी (VAD) लाई वैध बनाउने कुरा समर्थन गर्नुहुन्छ?

२. भिएडी (VAD) सेवा को पहुँच पाउनुअघि व्यक्तिले पूरा गर्नुपर्ने योग्यता मापदण्डहरू के–के हुनुपर्छ?

३. उत्तरी क्षेत्र (नर्दन टेरिटोरी; NT) ले कसरी योग्य व्यक्तिले सुरक्षित र प्रभावकारी तरिकाले भिएडी (VAD) प्राप्त गर्न सक्छन्, जसमा दुर्गम क्षेत्रमा बस्ने मानिसहरू र आदिवासी तथा टोरेस स्ट्रेट टापुवासी (आइल्यान्डर) मानिसहरू पनि समावेश छन्, भन्ने कुरा सुनिश्चित गर्न सक्छ?

४. कसरी उत्तरी क्षेत्र (नर्दन टेरिटोरी; NT) ले यो प्रक्रिया अनुगमन गरेर भिएडी (VAD) सुरक्षित र प्रभावकारी रूपमा कार्यान्वयन भएको छ कि छैन भन्ने सुनिश्चित गर्न सक्छ?

## आफ्नो राय कसरी राख्ने

हामी तपाईंलाई यस समितिलाई आफ्नो राय लेख्न प्रोत्साहन गर्छौं। रायहरू बुझाउने अन्तिम मिति सन् २०२५ को अगस्ट १५ तारिख तोकिएको छ। रायहरू निम्न इमेल ठेगानामा पठाउन अनुरोध गरिन्छ: LA.VAD@nt.gov.au। तपाईंको इमेलमा तपाईंको नाम, तपाईंको संस्थाको नाम (यदि लागू हुन्छ भने), र तपाईंको पोस्टकोड समावेश हुनुपर्छ। आफ्नो मौखिक राय प्रदान गर्न वा समितिको छानबिन बारे प्रश्न सोध्न तपाईंले ०८ ८९४६१४४२ मा समितिमा सम्पर्क पनि गर्न सक्नुहुन्छ।

## अर्को चरणहरू

तपाईंका विचारहरू प्रतिवेदन तयार गर्न सहयोगी हुनेछन्, जुन समितिले सन् २०२५ को सेप्टेम्बर ३० तारिख सम्ममा बुझाउने लक्ष्य राखेको छ। यो समितिले उत्तरी क्षेत्र (नर्दन टेरिटोरी; NT) सार्वजनिक परामर्शमार्फत सुझावहरू सङ्कलन गर्नेछ। थप जानकारी https://parliament.nt.gov.au/committees/list/legal-and-constitutional-affairs-committee/VAD

मा प्राप्त गर्न सकिन्छ।